जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९  स.जि.हु.का.द.नं. ५/०६४/०६५
# राजविराज दैनिक
वर्ष ३५   अंक १४   २०८२ साल साउन १९ गते सोमबार (4 Aug 2025 Monday)   मूल्य रु. ५/-
**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सशस्त्र प्रहरी : जीवन बचाउने... ३ पृष्ठमा : बहुविवाहलाई छुट दिने कानुन ... ३ पृष्ठमा विवादित काश्मीर ...

# जसपा नेपाल सप्तरीको निर्वाचन मिति तेश्रो पटक सारियो

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीको नयाँ नेतृत्व चयनका लागि तेश्रो पटक निर्वाचन मिति सारिएको छ । यसअघि दुई पटक तय गरेर स्थगित गरिएको निर्वाचन पछिल्लो पटक साउन १९ गते सोमबारका लागि तय गरिएको छ ।




यसअघि मतदाता सूचीमा समावेश नामहरु मध्ये केहीमा दावी बिरोध परेपछी शनिबार साउन १७ गतेका लागि तय गरिएको निर्वाचन मिति एक दिन सारेर साउन १८ गते आइतबारका लागि तय गरिएको थियो । तर आइतबार उम्मेदवारी दर्ता प्रक्रियाको विषयलाई लिएर फेरी विवाद सुरु भएपछी निर्वाचन रोकिएको थियो ।

कार्यसमितिको सदस्य पदका लागि एक पक्षले निर्वाचन निर्देशिका अनुसार मनोनय दर्ता गरेको र अर्को पक्षले प्रक्रिया नपुऱ्याएर मनोनयन दर्ता गराएको भन्ने विषयलाई लिएर विवाद भएपछी आइतबार हुने भनिएको निर्वाचन पनि हुन सकेन ।

पार्टीका केन्द्रिय नेता, स्थानीय नेता तथा निर्वाचन समिति समेत राखेर चलेको सात घण्टाको बैठक पश्चात् निर्वाचनको नयाँ मिति साउन १९ गते सोमबारका लागि घोषणा गरिएको छ ।

यसअघि घोषित निर्वाचन तालिका अनुसार शनिबार दुबै प्यानलबाट उम्मेदवारी दर्ता गराएका थिए । अध्यक्षमा केदार प्रसाद यादव र उमेश प्रसाद यादवले आ-आफ्नो प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन् ।

सात जना पदाधिकारीसहित कुल ५७ पदका लागि हुने निर्वाचनमा ५ सय १८ जना मतदाता रहेको निर्वाचन समितिले जनाएको छ ।

# हवाई फायर गरि प्रहरीद्वारा लागु औषधसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

सप्तरीमा प्रतिबन्धित लागु औषध खैरो हिरोइनसहित मोटरसाईकल लिएर भाग्ने प्रयास गर्दा हवाई फायर गरी दुई जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा जिल्लाको छिन्नमस्ता गाउँपालिका १ बरहीविरपुरका २९ वर्षिय विशाल राय र डाक्नेश्वरी नगरपालिका ७ मझौराका ३९ वर्षिय मनोज राय छन ।

गोप्य सुचनाका आधारमा पुगेको लागु औषध नियन्त्रण ब्युरो काठमाडौं तथा जिल्ला प्रहरी कार्यालय सप्तरीको संयुक्त टोलीले उनीहरुलाई राजविराज-छिन्नमस्ता सडकखण्डबाट पक्राउ गरेको हो ।

उनीहरुको साथबाट १ सय ७७ ग्राम प्रतिबन्धित लागु औषध खैरो हेरोइन तथा दुई थान मोबाईल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीको प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

पूर्वसूचनाका अनुसार पुगेको प्रहरी टोलीले उनीहरु चढेको स.८प. ८२२५ नम्बरको मोटरसाईकल रोकेर चेकजाँच गर्न थालेपछी भाग्न खोज्दा दुई राउण्ड हवाई फायर समेत गरी नियन्त्रणमा लिएको प्रहरीको भनाई छ ।

पक्राउ परेका दुबै जनालाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पानी परेपछि किसानलाई थोरै राहत

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

लामो समय पानी नपर्दा चिन्तित किसान शनिबारराातिको वर्षाले राहत महसुस गरेका छन् । पानी नपर्दा झण्डै ५० प्रतिशत धान रोपाइँ बाँकी रहेको अवस्थामा पानी परेपछि राहत मिलेको हो ।

पानीको अभावमा खेत सुकेका थिए, बीउ पहेँलिएको थियो र धान रोप्ने अवस्था थिएन । तर शनिबारराति परेको पानीले केही आशा पलाएको छ ।

सप्तरीको दक्षिणी भू-भागमा भूमिगत पानीको प्रयोग गरी रोपाइँ गरिए पनि उत्तरी भेगका अधिकांश किसानले रोपाइँ गर्न सकेका थिएनन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल मनसुनको न्यूनचापीय रेखा नेपालतर्फ सरिरहेको छ । यही कारणले केही स्थानमा हल्कादेखि मध्यम वर्षामापन गरिएको छ । तर यो प्रणाली लामो समय भारततर्फ सक्रिय रहेको हुँदा मधेसमा सुख्खा रहेको विभागले जनाएको छ ।

विभागको विगत २४ घण्टामा मधेसका विभिन्न स्थानमा हल्कादेखि मध्यम मात्राको वर्षा मापन गरिएको छ । विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सिरहामा ९९.४ मिलिमिटर, सप्तरीको बरमझियामा ९१.८ मिलिमिटर, लहानमा ७७.२ मिलिमिटर, धनुषाको हर्दिनाथमा ४७ मिलिमिटर, चिसापानीमा ६८.२ मिलिमिटर, सिरहाको गोलबजारमा ५२.२ मिलिमिटर, महोत्तरीको गौशालामा ५७.६ मिलिमिटर, धनुषाको तुलसीमा ४७.६ मिलिमिटर तथा सर्लाहीमा ४८ मिलिमिटर वर्षा भएको छ । बारा, पर्सा र रौतहटमा भने केवल हल्का वर्षा मात्र मापन गरिएको छ ।

सप्तरीलगायतका तराई जिल्लामा बाँकी खेतमा रोपाइँ सम्पन्न गर्न अझै केही दिन निरन्तर पानी पर्ने आवश्यकता देखिएको छ । किसान, कृषि कार्यालय र मौसम विभाग सबैको नजर अब आसन्न दिनको मौसममा टिकेको छ ।

# करेन्ट लागेर युवकको मृत्यु


**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

सप्तरीको राजगढ गाउँपालिका ४ निवासी एक युवकको आईतवार दिउँसो करेन्ट लागेर मृत्यु भएको छ ।

घरमै मोटर जोडेर पानी तान्ने क्रममा करेन्ट लाग्दा २२ वर्षिय मुकेश कुमार साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

मोटरबाट लिक भएको करेन्टले झड्का दिएपछी अचेत भएका साहलाई उपचारका लागी अस्पताल पुऱ्याउदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतकको शव पोष्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




## सम्पादकीय

### वर्षा भएपछी रोपाईमा थोरै भएपनि राहत

लामो समयको खडेरीपछि भर्खरै परेको वर्षाले कृषकको मुहारमा अलिकति मात्र भए पनि मुस्कान ल्याएको छ। पानीको अभावले समयमै धान रोप्न नसकेका किसानले ढिलो भए पनि रोपाइँ सुरु गर्ने आशा देखेका छन्। मधेश क्षेत्रमा समयमै वर्षा नहुँदा धान खेतीमा गम्भीर असर परेको थियो। खेतमा पानी नहुँदा बिउ नष्ट हुने, रोपाइँ ढिलो हुने र उत्पादन घट्ने आशंका बढेको छ।

कतिपय क्षेत्रमा किसान खेत जोत्न, धानको बिरुवा सार्न र रोपाइँ गर्न व्यस्त देखिन थालेका छन्। यद्यपि, यो वर्षा पर्याप्त मात्रामा निरन्तर नपरे उत्पादनमा अझै चुनौती रहने छ। समयमै वर्षा नभएकै कारण धेरै ठाउँमा खेत तयार पार्न ढिलो भएको छ भने कतिपय ठाउँमा बिउवाली नै सुक्ने अवस्था आएको छ।

यस अवस्थामा सरकारले किसानलाई सहयोग गर्ने प्रभावकारी योजना ल्याउन आवश्यक छ। मल, बिउ र डिजेलमा अनुदान, सिंचाइ सुविधा र कृषि प्राविधिकको सहज पहुँच भएमा ढिलो भए पनि रोपाइँबाट उत्पादन घट्ने सम्भावना कम गर्न सकिन्छ। स्थानीय सरकार र सम्बन्धित निकायले तत्काल राहत र सहयोग उपलब्ध गराउनुपर्छ, नत्र वर्षेपिच्छे दोहोरिने यस समस्याले किसानलाई निराश बनाउँछ। वर्षा सुरु हुनु सकारात्मक संकेत हो तर यसलाई दीर्घकालीन समाधान मान्न सकिँदैन। जलवायु परिवर्तनका कारण अनियमित वर्षा हुने क्रम बढ्दो छ। तसर्थ दीर्घकालीन दृष्टिकोणबाट सिंचाइ संरचना मजबुत बनाउने, जलस्रोत संरक्षण गर्ने र वर्षा पानी संकलन प्रणाली विकास गर्ने दिशामा ध्यान दिन जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सशस्त्र प्रहरी : जीवन बचाउने मिसनदेखि सीमारक्षासम्म

**सङ्गीता राई**
धरान (सुनसरी), १८ साउन (रासस)।

गत चैतको १३ गते तातो घाम तातिँदै गएको थियो। सुनसरीको इटहरीको मुख्य चोक सेन्टर प्लाजामा एकाएक बिहान करिब १० बजेदेखि आगो सल्किन थाल्यो। भिडभाड रहने इटहरीको मुख्य केन्द्रमा रहेको सेन्टर प्लाजा अचानक धुवाँको कालो पर्दाले ढाकिसकेको थियो। दशतले प्लाजाको पाँच तलाबाट आगो सल्किन थाल्यो। विस्तारै धुवाँको मुस्लो बढ्दै गयो। आगोको लप्का माथिल्लो तलातिर सर्न थाल्यो।

आगो निभाउन सँगै मान्छेको उद्धारमा त्यतिबेला सशस्त्र प्रहरीको टोली परिचालन भइसकेको थियो। सीमित स्रोतको बाबजुत सङ्कटका बेला ज्यानको वास्ता नगरी भवनभित्र पसेर ११ जनाको जीवन बचाउन सफल भयो सशस्त्र प्रहरी बलका उद्धार टोली।

प्लाजामा आगो लाग्दै गर्दा एउटा तस्विर 'भाइरल' बनेको थियो त्यतिबेला। सशस्त्र प्रहरी सहायक हवल्दार डोरीमा झुण्डिएर प्लाजामा फसेर सर्वसाधारणको उद्धार गर्न खटिएका थिए। आगोको ताप, धुवाँको अन्धकारमा त्यतिबेला सशस्त्र प्रहरीको मुक्तकण्ठले प्रशंसा सामाजिक सञ्जालमा भएको थियो। भवनको चार तलामा फसेका सर्वसाधारणलाई डोरी र भऱ्याङमार्फत सशस्त्र प्रहरीले बाहिर निकालेको त्यो दृश्य केवल साहसको कथा मात्र थिएन, त्यो दैनिक तयारी, तालिम र जनताको सुरक्षाप्रति गहिरो प्रतिबद्धताको प्रमाण पनि थियो।

प्लाजाको आगलागीमा सशस्त्र प्रहरी बल सुनसरीबाट एक सयभन्दा बढी सुरक्षाकर्मी उद्धार कार्यमा खटिएका थिए। त्यतिबेला केही सुरक्षाकर्मी आफैं पनि घाइते भए तर उद्धार कार्य भने रोकिएन। सशस्त्र प्रहरी बल नेपाल नं ४ गण हेडक्वाटर सुनसरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक निर्मल थापा भन्नुहुन्छ, "हामीलाई थाहा थियो, आगोभन्दा अघि हामीले त्यहाँ पुगेनौं भनेभित्रका मानिस बाँच्दैनन्। आगोले ठूलो मानवीय क्षति गर्ने थियो होला हामीले त्यसबेला तालिम होइन, जिम्मेवारी निभाइरहेका थियौं", उपरीक्षक थापाले भन्नुभयो। नौ जनालाई सशस्त्र प्रहरीको टोलीले उद्धार गरेको थियो भने बाँकी दुई जना नेपाल प्रहरी, नेपाली सेनासहितको संयुक्त टोलीले उद्धार गरेको थियो।

उद्धारका क्रममा प्रयोग गरिएको डोरी, फायर बलसहितको अग्नि सुरक्षा उपकरण र आपतकालीन तालिमप्राप्त टोलीको समन्वयले सो कार्य सम्भव भएको उहाँको भनाइ छ। विपद् जब एकैछिनमा जीवन र मृत्युको खाडल कोर्दै अघि बढ्छ, त्यहीबेला सशस्त्र प्रहरी बल नेपालले निर्णय लिन्छ जीवनरक्षाको पक्षमा उभिने। पछिल्ला घटनामा देखिएको तत्क्षण प्रतिक्रिया, सूक्ष्म समन्वय र अदम्य साहसले फेरि एकपटक प्रमाणित गऱ्यो सशस्त्र प्रहरी केवल शान्ति र सुरक्षाको होइन,जीवनको पनि रक्षक हो।

विसं २०८० चैत २७ गतेदेखि २०८१ वैशाख २८ गतेसम्म सुनसरीको बराहक्षेत्र चतराधाममा लागेको पूर्णमहाकुम्भ मेलाको अपार भीडमा कोशी नदीमा स्नान गर्दै गर्दा हराएका आठ सर्वसाधारणलाई सशस्त्र प्रहरीको गोताखोरसहित खटिएको टोलीले जीवन फर्काइदिनु सशस्त्र प्रहरी बलको दृष्टि, गति र समर्पणको सङ्गम बनेको उदाहरण हो।

नेपालको भूगोलिक सीमाना मात्र भौगोलिक सीमा होइन, राष्ट्रको अस्तित्व, सुरक्षा र सार्वभौमिकताको जीवनरेखा पनि हो। यिनै सीमाको अडिग र निडर पहरेदारका रूपमा परिचालित छन् सशस्त्र प्रहरी बल नेपाल। बलको गठनदेखि लिएर, सीमाको रक्षा, आन्तरिक सुरक्षाको मजबुती, राजस्व सङ्कलन सहयोग, विपद् व्यवस्थापनजस्ता सुनसरीमा १८ भन्दाबढी कार्यक्षेत्रमा उहाँहरूको सक्रिय सेवा गरिरहनुभएको छ।

तर यतिमात्र होइन, सशस्त्र प्रहरी बललाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने बहसले पनि तीव्रता पाइरहेको छ। सीमास्तम्भको संरक्षण, सीमामा परिचालित जनशक्ति, भौतिक संरचनाको अवस्था, अनि केन्द्रदेखि स्थानीय तहसम्मको राजस्व सङ्कलनमा उहाँहरूले खेलेको भूमिकाले राज्य संयन्त्रमा यस संस्थाको महत्वलाई अझ गहिरो बनाएको छ।

सशस्त्र प्रहरी बल, नेपालले सुनसरी जिल्लाको सीमाक्षेत्रमा सशक्त उपस्थिति जनाउँदै आएको छ। २०६४ सालदेखि स्थायी रूपमा तैनाथ सशस्त्र प्रहरीले सीमासुरक्षा मजबुत बनाउँदै अहिले सुनसरी जिल्लामा दुई वटा प्रभावित सीमासुरक्षा गुल्म र नौ वटा बिओपीमार्फत सेवा प्रवाह गरिरहेको छ।

सशस्त्र प्रहरी बल, नेपाल नं ४ गण मुख्यालय, सुनसरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक निर्मल थापाका अनुसार, ६१.९ किलोमिटर लामो अन्तरराष्ट्रिय सीमाक्षेत्रमा फैलिएका ११ वटा युनिटमार्फत नियमित गस्ती, निगरानी, सुराकी सङ्कलन र अवैध गतिविधि नियन्त्रणका कार्यक्रम सञ्चालन भइरहेका छन्। यी युनिटले जिल्लाको सीमा सुरक्षामा सतर्कता, समन्वय र प्रविधि आधारित रणनीति अपनाएर कार्य गरिरहेको उहाँले बताउनुभयो।

उपरीक्षक थापाका अनुसार सुनसरीका सबै सीमाक्षेत्र रणनीतिक रूपमा महत्वपूर्ण भए पनि विशेषगरी कोशी नदी आसपासका नाका तुलनात्मक रूपमा बढी संवेदनशील मानिन्छन्। मानिस तथा सवारीसाधनको बाक्लो आवतजावत हुने भएकाले ती क्षेत्र लागुऔषध ओसारपसार, चोरी तस्करी तथा साना हतियारको अवैध कारोबारको उच्च जोखिममा पर्ने गरेको उहाँको भनाइ छ।

सीमा क्षेत्रमा लागुऔषध, घरायसी तथा विद्युतीय सामग्री, साना हतियारलगायत उच्च मूल्यका वस्तुहरूको अवैध तस्करी प्रयास भइरहने गरेको उल्लेख गर्दै उहाँले यस्ता गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरीले नियमित गस्ती, 'सर्च अपरेसन', प्रविधिमैत्री निगरानी, संयुक्त अभियान र सूचनाका आधारमा कारबाही सञ्चालन गर्दै आएको बताउनुभयो।

साथै, अवैध क्रियाकलापमा संलग्न व्यक्तिहरूको पहिचान, नियन्त्रण र कानुनी प्रक्रिया अगाडि बढाउने काममा समेत उल्लेखनीय प्रगति भएको उहाँको भनाइ छ।

सुरक्षा प्रवर्द्धनमा सशस्त्र प्रहरी बलले स्थानीय प्रशासन, स्थानीय तह, भन्सार कार्यालय, व्यवसायी, समुदाय तथा सर्वसाधारणसँगको सहकार्यलाई प्राथमिकता दिँदै आएको छ। उपरीक्षक थापाले भन्नुभयो, "सामूहिक सुरक्षाको अभ्यासलाई प्रभावकारी बनाउन सशस्त्र प्रहरीले समुदायसँगको साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ, जसले सूचना आदानप्रदानदेखि सामूहिक जिम्मेवारीसम्म बलियो बनाएको छ।"

सीमावर्ती सुरक्षामा मात्र होइन, अन्तरराष्ट्रिय समन्वयमा पनि सशस्त्र प्रहरीको भूमिका सशक्त रहेको छ। उहाँले भन्नुभयो, "भारतसँगको मित्रतापूर्ण सम्बन्धलाई कायम राख्दै, सम्बन्धित सुरक्षा निकायसँग नियमित समन्वय, सूचना आदानप्रदान तथा बैठकको माध्यमद्वारा सीमासम्बन्धी समस्या तथा सीमा अपराधलाई नियन्त्रण गर्न प्रभावकारी भूमिका खेलेको छ।" सीमा जोडिएका १६ वटा वडामा सीमा सहजीकरण समितिसमेत गठन गरिएको र उक्त समितिबाट समयसमयमा सुरक्षा बैठक, छलफल तथा सहकार्यका माध्यमबाट समस्या समाधान गरिँदै आएको छ।

सीमापार अपराध नियन्त्रणमा यस्ता संयन्त्रले दीर्घकालीन र प्रभावकारी भूमिका खेलिरहेको उपरीक्षक थापाले बताउनुभयो। उहाँका अनुसार सीमामा सुरक्षा मजबुत बनाउन सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीचको सहकार्यलाई अझ संस्थागत गर्दै सशस्त्र प्रहरी बल नेपालको उपस्थिति सीमामा मात्र सीमित नभई राष्ट्रको समग्र सुरक्षामा समर्पित अभियन्ताको रूपमा परिभाषित भइरहेको छ।

सुनसरीको भोक्राहा नहरसिं गाउँपालिका-३ निवासी स्थानीय व्यवसायी राजाराम साह भन्नुहुन्छ, "भारत भन्सार नजिकै मेरो घर पर्छ। पहिले चोरी डकैती धेरै हुने गरेको थियो अहिले त्यो धेरै कम भएको छ। अहिले हरेक गल्ली र चोकमा सशस्त्र प्रहरी देखिन्छन्। जनताको सुरक्षामा खटिएको देख्दा हामीलाई भरोसा हुन्छ।" साहका अनुसार, सशस्त्रको सक्रिय उपस्थिति मात्र होइन, स्थानीय जनसहभागितासहितको सहकार्यपूर्ण व्यवहारले पनि वातावरण परिवर्तन भएको छ। सुरक्षाकर्मीले हाम्रो मात्र सुरक्षा हैन कहिलेकाहीं हाम्रो पनि सहयोग माग्नुहुन्छ हामीले पनि सहयोग गर्ने गरेका छौं। अहिले प्रशासन कडा छ, सशस्त्र प्रहरीले आफ्नो कर्तव्यमा कुनै कसर छोड्नु भएको छैन, उहाँहरुले आफ्नो कर्तव्य निर्वाह गरिरहनुभएको छ।

सुनसरी सशस्त्र प्रहरी बल नेपाल भारत सीमा क्षेत्रमा रहेको बिओपी लौकहीलगायत आठ वटा अन्य बिओपीहरुले सिमानामा सुरक्षा, अवैध क्रियाकलाप नियन्त्रण तथा राजस्व सङ्कलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

उक्त बिओपीहरुले सुनसरी जिल्लाको भौगोलिक पूर्वी सिमाना क्षेत्र, विशेषगरी कोशी नदी आसपासको क्षेत्रमा निगरानी गर्दै आइरहेको सशस्त्र प्रहरीहरुले अन्तरराष्ट्रिय सिमानाको रक्षा गर्नुका साथै सीमामा रहेका पिलरहरूको सुरक्षा, मर्मत, रङरोगन तथा अभिलेखिकरणसम्बन्धी कार्य नियमित रूपमा गर्दै आइरहेको बिओपी लौकहीका बिओपी पति निगम राईले बताउनुभयो।

साथै यस बिओपीले मानव तथा लागुऔषध तस्करी, अवैध रुपमा ओसारपसार, काठ चोरी, राजस्व छली तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रणमा पनि सक्रिय भूमिका खेलिरहेको उहाँले बताउनुभयो।

सीमावर्ती क्षेत्रमा भइरहेका अपराध नियन्त्रण गर्नुका साथै अन्तरदेशनिक सुरक्षामा समेत बिओपीहरुको योगदान उल्लेखनीय रहेको छ। बिओपीपति राईका अनुसार सीमावर्ती अपराध नियन्त्रण, आन्तरिक सुरक्षाको मजबुती, आपतकालीन उद्धार, राजस्व सङ्कलन तथा सीमावर्ती जनताका सुरक्षामा आफुहरु निरन्तर समर्पित भएर कार्य गरिरहेको उहाँको भनाइ छ।

सुनसरीको कोशी गाउँपालिका-१ का वडाध्यक्ष तथा सीमा सहजीकरण समितिका अध्यक्षले सोभित नारायण यादवले सशस्त्र प्रहरी बल नेपालसँग सीमा सुरक्षाका विषयमा निरन्तर समन्वय भइरहेको बताउनुभयो। सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरीको भूमिकालाई सकारात्मक रुपमा लिँदै उहाँले स्थानीय सरकारसँगको सहकार्य अझ सुदृढ हुँदै गएको बताउनुभयो।

उहाँले भन्नुभयो, "सीमा क्षेत्र नजिकका समुदायसँग प्रत्यक्ष सम्पर्कमा रहेका स्थानीय जनप्रतिनिधिहरूको सक्रियतामा सुरक्षासम्बन्धी सूचना आदानप्रदान हुने गरेको छ। सशस्त्र प्रहरी बलको उपस्थिति सीमा क्षेत्रमा अत्यन्त आवश्यक छ। हामी गाउँपालिका र समितिको तर्फबाट आवश्यक सहयोग र समन्वय गरिरहेका छौं।"

सीमा क्षेत्रमा पछिल्लो समय लागुऔषधको प्रयोग तथा ओसारपसारसम्बन्धी समस्या केही बढेको वडाध्यक्षको भनाइ छ। उहाँले भन्नुभयो, "लागुऔषधको समस्या समाधान गर्न अब गम्भीर भएर अघि बढ्नुपर्ने आवश्यक छ। यो युवा पुस्ताको भविष्यसँग जोडिएको विषय पनि हो।" समस्या समाधानका लागि सशस्त्र प्रहरी, स्थानीय सरकार, समुदाय तथा शिक्षा संस्थाबीच समन्वय गरी सचेतनामूलक कार्यक्रम, निगरानी संयन्त्र र आवश्यक कारबाहीलाई सशक्त बनाउनुपर्ने अध्यक्ष यादवले बताउनुभयो।

सीमा समन्वय समितिको नेतृत्व गर्दै आउनुभएका अध्यक्षले सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण तथा आपसी समन्वयमा आधारित सुरक्षा रणनीति निर्माणमा स्थानीय सरकारको भूमिका झनै प्रभावकारी बनाउने जानकारी दिनुभयो।

सशस्त्र प्रहरी बल सुनसरीले जिल्लाभित्रका भन्सार कार्यालयहरू, पालिका सरकार, तथा स्थानीय सामाजिक नेतृत्वसँग निरन्तर समन्वय गर्दै चोरीपैठारी नियन्त्रण, लागुऔषध कारोबारविरुद्धको

बाँकी अन्तिम पृष्ठमा

# बहुविवाहलाई छुट दिने कानुन रोक्न महिला संघको आग्रह

काठमाडौं, १८ साउन (रासस)।

नेपाल महिला सङ्घले केही निश्चित परिस्थितिमा बहुविबाहलाई वैधता दिने प्रस्तावित कानुन गैरजिम्मेवारपूर्ण, प्रतिगामी तथा आपत्तिजनक रहेको ठहर गर्दै उक्त प्रस्ताव तत्काल रोक्नका लागि सरकारको ध्यानाकर्षण गराएको छ।

सङ्घले आइतबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई ज्ञापनपत्र बुझाउँदै उक्त प्रस्तावले महिला अधिकारको क्षेत्रमा दशकौंदेखि प्राप्त उपलब्धिलाई नष्ट गर्ने र बहुविवाह प्रथालाई पुन:स्थापित गर्ने भएकाले तत्काल सोसम्बन्धी प्रस्ताव फिर्ता लिन आग्रह गरेको हो।

"प्रस्तावित व्यवस्थामा 'कुनै पुरुषले वैवाहिकसम्बन्ध कायम रहेको अवस्थामा अन्य महिलासँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएमा त्यस्तो महिलासँग विवाह गर्न चाहेमा विबाह गर्न सक्नेछु' भन्ने प्रावधान राखिएको छ। जसले बहुविबाह जस्तो फौजदारी अपराधलाई वैधानिकता दिने स्पष्ट मनसाय राख्दछ", सङ्घले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ।

सङ्घले कानुन मन्त्रालयका उच्च अधिकारीको 'दोस्रो महिला र निजको बच्चाको अधिकार संरक्षणका लागि यो व्यवस्था ल्याइएको हो' भन्ने तर्कप्रति आपत्ति प्रकट गरेको छ। "यो तर्क केवल भ्रामक मात्र नभइ महिलाको आत्मसम्मान माथिको प्रहार हो", सङ्घले भनेको छ, "पुरुषको विवाहेत्तरसम्बन्ध र गैरजिम्मेवारपनलाई कानुनी विवाहको नाम पहिराएर वैधता दिनु कुनै पनि दृष्टिकोणले न्यायोचित हुँदैन।"

एकल महिला र निजका सन्तानको अधिकारको संरक्षण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै सङ्घले यसको समाधान बहुविवाह जस्तो सामाजिक अपराधलाई कानुनी मान्यता दिनु होइन भनेको छ। कुनै पनि बहानामा यसलाई पुन:स्थापना गर्नु भनेको महिलाले अन्याय र समानताका लागि गरेको लामो र कठिन सङ्घर्षप्रतिको विश्वासघात हुने सङ्घले जनाएको छ।

"हामी सङ्घीय सरकारलाई यो गलत मनसायले प्रेरित महिलाविरोधी र प्रतिगामी प्रस्ताव तत्काल फिर्ता लिन जोडदार माग गर्दछ", सङ्घले भनेको छ, "सरकारले समानताको आधारभूत सिद्धान्तसँग सम्झौता नगरी सबै महिला तथा बालबालिकाको अधिकार संरक्षणका लागि न्यायपूर्ण र समतामूलक समाधान खोज्न महिला अधिकारकर्मी सङ्घसंस्था र नागरिक समाजसँग अविलम्ब अर्थपूर्ण संवादमा संलग्न हुन आग्रह गर्दछौं।"

# बहुविवाहलाई छुट दिने कानुन बनाइँदैछ भन्ने भ्रम मात्रैः कानुनमन्त्री चौरसिया

काठमाडौं, १८ साउन (रासस)।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले बहुविवाहलाई छुट दिने कानुन बनाइँदै भन्ने कुरा भ्रममात्र नभएको बताउनुभयो।

सिंहदरस्थित कानुन मन्त्रालयमा आइतबार नेपाल महिला सङ्घसँगको भेटमा मन्त्री चौरसियाले बहुविवाहलाई छुट दिने प्रस्तावित कानुन भन्ने कुरा गलत र भ्रामक मात्रै भएको बताउनुभयो। "बहुविवाहलाई छुट दिने प्रस्तावित कानुन बनाइँदै भन्ने कुरा भ्रम मात्रै हो, त्यस बिषयमा कानुन बन्ने होइन", मन्त्री चौरसियाले भन्नुभयो, "बहुविवाहलाई छुट दिनेगरी कानुन बन्दैन।"

सङ्घका अध्यक्ष उषा रावत मिश्रले बहुविवाहलाई छुट दिनेगरी प्रस्तावित कानुन बनाउने काम हुन लागेको भए तत्काल रोक्न माग गर्नुभएको थियो। "संविधान र कानुनमा उल्लिखित एक विवाह र लैङ्गिक समानताका सिद्धान्तलाई अक्षुण्ण राख्नुपर्छ, पुस्तौंदेखि विभेदकारी प्रथालाई उन्मूलन गर्न लडेका छौं", सङ्घले मन्त्रीसँगको भेटपछि जारी गरेको विज्ञप्तिमा भनिएको छ, "कठोर सङ्घर्षबाट प्राप्त गरेका अधिकारहरूलाई यसरी कमजोर बनाइनु हुँदैन।"

विज्ञप्तिमा सङ्घले स्थापनाकालदेखि नै बहुविवाह प्रथाले महिला, बालबालिका र समग्र समाजमा पार्ने नकारात्मक प्रभावलाई महसुस गरी यसका विरुद्धमा निरन्तर आवाज उठाउँदै आएको उल्लेख गरेको छ। "बहुविवाह प्रथा ऐतिहासिक रूपमा पितृसत्ताको प्रतीक रहँदै आएको छ, जसले महिलाहरूलाई अथाह पीडा, भावनात्मक तनाव र आर्थिक कठिनाइमा धकेलेको छ, कुनै पनि वहानामा यसलाई पुन:स्थापना गर्नु महिलामाथि घोर अन्याय र समानताका लागि नेपाली महिलाले गरेको लामो र कठिन सङ्घर्षप्रतिको धोका हुनेछ", विज्ञप्तिमा भनिएको छ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ लाई संशोधन गरी केही निश्चित परिस्थितिमा बहुविवाहलाई कानुनी वैधता दिने प्रस्तावित कानुन गैरजिम्मेवारपूर्ण, प्रतिगामी एवं आपत्तिजनक रहेको नेपाल महिला सङ्घको ठहर छ।

अध्यक्ष रावतले यस्तो प्रतिगामी कदमले महिला अधिकारको क्षेत्रमा दशकौंदेखि प्राप्त उपलब्धिलाई नष्ट गर्ने र शताब्दीयौंदेखि महिलामाथि हुँदै आएको उत्पीडनको साधनका रूपमा रहेको बहुविवाह प्रथालाई पुन:स्थापित गर्ने दुस्साहस गरेकोप्रति आपत्ति प्रकट गर्नुभयो।

सरकारले मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७२ मा संशोधन गर्न एक विधेयकको मस्यौदा तयार पारेको छ। प्रस्तावित व्यवस्थामा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि कुनै पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अन्य महिलासँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएमा त्यस्तो महिलासँग विवाह गर्न चाहेमा विवाह गर्न सक्नेछ भन्ने प्रावधान राखिएको छ।

मुलुकी देवानी (संहिता), २०७४ ले स्पष्ट रूपमा कुनै पनि विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहँदा अर्को विवाह गर्न नपाउने र त्यस्तो विवाह स्वत: बदर हुने व्यवस्था गरेको छ। यो व्यवस्था नेपालको महिला आन्दोलनको एक ऐतिहासिक र कठोर सङ्घर्षपश्चात् प्राप्त भएको महत्वपूर्ण उपलब्धि भएको हो।

# इनड्राइभले प्लेटिनम ड्राइभर गिभअवे क्याम्पेनका ग्रान्ड प्राइज विजेताहरूलाई पुरस्कार हस्तान्तरण

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन।**




विश्वव्यापी मोबिलिटी एण्ड अर्बान सर्भिस प्लेटफर्म इनड्राइभले काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा आफ्नो प्लेटिनम ड्राइभर गिभअवे क्याम्पेनका विजेताहरूलाई पुरस्कार हस्तान्तरण गरेको छ।

जुन २३ देखि जुलाई १३ सम्म चलेको यो अभियानमा ड्राइभर पार्टनर्सबाट उत्साहजनक प्रतिक्रिया र सहभागीता रहेको थियो। क्याम्पेन साप्ताहिक च्यालेन्ज, रोमाञ्चक पुरस्कारहरू र दुई मेगा ग्रान्ड पुरस्कारहरू मार्फत इनड्राइभका सबैभन्दा प्रतिबद्ध ड्राइभर पार्टनर्सलाई पहिचान गर्न र पुरस्कृत गर्न डिजाइन गरिएको थियो।

टाटा एक्सप्रेस टि इभि (क्याब ड्राइभर श्रेणी) शुभ राज सुनुवार र टिभिएस राइडर (बाइक (मोटो) राइडर श्रेणी) जित थापाले पुरस्कार पाएका हुन्।

दुबै विजेताहरूलाई तीन वटै च्यालेन्ज विक्समा निरन्तर प्लेटिनमस्थिति कायम राख्ने र भव्य पुरस्कारहरूको लागि योग्य हुन सबै योग्यता मापदण्डहरू पूरा गर्ने चालकहरूको समूहबाट छनोट गरिएको थियो। यो घोषणा जुलाई २० मा इनड्राइभ नेपालको आधिकारिक टिकटक च्यानलमार्फत लक्की ड्र मार्फत प्रत्यक्ष प्रसारणमा गरिएको थियो।

क्याम्पेनले थप ड्राइभर पार्टनर्सलाई साप्ताहिक पुरस्कारहरू पनि बितरण गरिएको थियो। जसमा बनप्लस नोर्ड सी इफोर लाइट फाइबजी स्मार्टफोन १५ जनालाई, अल्टिमा एटोम १९२ इयरबडका ३० र अल्टिमा नोभा प्रो स्मार्टवाचका ३० जना बिजेताहरु छन्।

इनड्राइभका साउथ एशियाका ड्राइभर अपरेसन्सका रिजनल टिम लिडर डिमित्री ओख्लोप्कोभले भने, "हाम्रा ड्राइभर पार्टनर्सहरू नेपालमा इनड्राइभको सफलताको आधार हुन्। यो अभियान उनीहरूको प्रतिबद्धता, व्यावसायिकता र उनीहरूले हरेक दिन खेल्ने महत्वपूर्ण भूमिकालाई मान्यता दिने हाम्रो कदम हो। इनड्राइभमा, हामी छनोटको स्वतन्त्रताको पक्षमा छौं र हाम्रो निष्पक्ष र पारदर्शी मूल्यनिर्धारण मोडेलले चालकर सवार दुवैलाई फाइदा पुऱ्याउने कुरा सुनिश्चित गर्दछ। हामी हाम्रो चालक समुदायलाई समर्थन गर्न पाउँदा गर्व गर्छौं। सबै विजेताहरूलाई बधाई छ र हाम्रो मिशनलाई अगाडि बढाउनु भएकोमा धन्यवाद।"

इनड्राइभ नेपालकी ड्राइभर रिटेन्सन स्पेसलिस्ट सुनिता जीमी राईले विजेताहरूलाई बधाई दिँदै उनीहरूको अमूल्य योगदानको कदर गर्दै भनिन, "हामीले अघिल्लो पटक वाचा गरे झैं, हामी हाम्रा ड्राइभर पार्टनर्सहरूका लागि ठूलो र उत्कृष्ट अभियान लिएर आएका छौं। हाम्रा सबै विजेताहरूलाई बधाई छ, तपाईंको सम्पूणले हाम्रो अभियानलाई अगाडि बढाउँछ। हामी हाम्रा चालकहरूलाई स्वतन्त्रता, निष्पक्षता र समर्थनका साथ सशक्त बनाउन प्रतिबद्ध छौं।"

## विश्व समाचार

### विवादित काश्मीरमा सामूहिक हिन्दू तीर्थयात्रा सम्पन्न

श्रीनगर (भारत), १८ साउन (रासस/एएफपी)।

पाकिस्तानसँगको द्वन्द्वको केही हप्तापछि सुरक्षा चिन्ताहरूलाई वेवास्ता गर्दै विवादित भारत प्रशासित काश्मीरमा महिनाभरको तीर्थयात्रामा चार लाखभन्दा बढी हिन्दूले भाग लिएको अधिकारीहरूले बताएका छन्।

तीर्थयात्रा जुलाई ३ मा सुरु भएको थियो र अगस्ट ९ मा आधिकारिक रूपमा समाप्त हुनेछ, तर आयोजकहरूले तीव्र बर्षाले साँघुरो बाटोहरूमा क्षति पुऱ्याएकाले समयअघि नै अन्त्य गर्न बाध्य भएको बताएका छन्।

अधिकारी बिजय कुमार बिधुरीले शनिबार राति एक वक्तव्यमा चार लाख १५ हजार तीर्थयात्रीले भाग लिएको जानकारी दिनुभयो।

धेरै भक्तजनले पहलगाम नजिकैबाट अमरनाथ बरफ स्तम्भमा आफ्नो यात्रा सुरु गरेका थिए। पहलगाममा अप्रिल २२ मा बन्दुकधारीहरूले मुस्लिम बहुल क्षेत्रमा २६ जना हिन्दू पर्यटकको हत्या गरेका थिए।

नयाँदिल्लीले बन्दुकधारीहरूलाई पाकिस्तानको समर्थन रहेको बताएको छ। इस्लामाबादले उक्त दाबीलाई अस्वीकार गरेको छ। पहलगाम घटनापछि कूटनीतिक बदलाबदली उपायहरूको शृङखला सुरु गऱ्यो, जुन चार दिनको द्वन्द्वमा परिणत भयो।

सन् १९९९ पछि आणविक-सशस्त्र यी दुई मुलुकले गरेको यो सबैभन्दा खराब गतिरोध थियो। मे १० को युद्धबिरामअघि दुवै पक्षमा मिसाइल, ड्रोन र तोप आक्रमणबाट ७० भन्दा बढी मानिस मारिएका थिए।

नयाँदिल्लीले गत हप्ता पहलगाम आक्रमण गर्ने तीनजना पाकिस्तानी पुरुष जुलाई २८ मा गुफा मन्दिर रहेको पहाडको छेउमा रहेको जङ्गलमा भएको गोली हानाहानमा मारिएको बताएको थियो।

केही भक्तजनले अझै पनि गुफाको भ्रमण गर्न सक्छन्, तर यस बर्षको सङ्ख्या २०२४ मा भाग लिने अनुमानित पाँच लाख भक्तभन्दा कम छ।

अधिकारीहरूले हिन्दूहरूलाई तीर्थयात्रा गर्न अपील गरे। घटनाका लागि सुरक्षा बढाउँदै उच्च प्रविधिका निगरानी उपकरणहरूसहित ४५ हजार सेना परिचालन गरेर विनाशका देवता शिवलाई समर्पित गुफाको कठिन पदयात्रा निरीक्षण गरे।

आइतबार अमरनाथ तीर्थयात्राबाट टाढा रहेको कुलगाममा भारतीय सेना र बन्दुकधारीबीच तेस्रो दिन पनि गोली हानाहान भएको थियो।

सैनिकहरूले दुई जना लडाकूलाई मारेको एक बरिष्ठ प्रहरी अधिकारीले बताएका छन्। सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै काश्मीर भारत र पाकिस्तानबीच बिभाजित भएको छ। दुवैले यसको केही भाग व्यवस्थापन गर्छन् र पूर्ण रूपमा दाबी गर्छन्।

बिद्रोही समूहहरूले काश्मीरको स्वतन्त्रता वा पाकिस्तानमा बिलयको माग गर्दै दशकौंदेखि भारतीय सेनासँग लडिरहेका छन्।

### साउदी अरबमा एकै दिनमा आठ जनालाई मृत्युदण्ड

दुबई, १८ साउन (रासस/एएफपी)।

साउदी अरबमा लागुऔषधसम्बन्धी अभियोगमा मृत्युदण्डको सजायको प्रयोगमा वृद्धि भइरहेका बेला साउदी अरबले एकै दिन आठ जनालाई मृत्युदण्ड दिएको साउदी अरबका सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

साउदी समाचार संस्था (एसपीए) का अनुसार चार जना सोमालियाली र तीन इथियोपियालीलाई शनिबार दक्षिणी क्षेत्र नजरानमा 'राज्यमा चरेश तस्करी गरेको आरोपमा' मृत्युदण्ड दिइएको छ भने आफ्नी आमाको हत्या गरेको आरोपमा एक जना साउदी नागरिकलाई मृत्युदण्ड दिइएका छ।

सन् २०२५ को सुरुदेखि अहिलेसम्म साउदी अरबले २३० जनालाई मृत्युदण्ड दिइसकेको एएफपीले जनाएको छ। तीमध्ये १५४ जनालाई लागुऔषधसम्बन्धी अभियोगमा मृत्युदण्ड दिइएको थियो। मृत्युदण्डको यो वर्षको अहिलेसम्मको गतिले राज्यलाई गत वर्ष दिइएका मृत्युदण्डको ३३८ घटनाको रेकर्डलाई तोड्ने देखिएको छ। विश्लेषकहरूले यो वृद्धिलाई सन् २०२३ मा सुरु गरिएको 'लागुऔषधविरुद्धको युद्ध' सँग जोडेका छन्। साउदी अरबमा 'लागुऔषधविरुद्धको युद्ध' को अभियानमा पहिलो पटक पक्राउ परेकाहरूमध्ये धेरैलाई कानुनी प्रक्रिया र दोषी ठहर भएपछि मात्र मृत्युदण्ड दिइएको छ।

साउदी अरबले सन् २०२२ को अन्त्यमा लागूऔषधसम्बन्धी कसुरमा मृत्युदण्डको व्यवस्थालाई करिब तीन वर्षका लागि स्थगन गरेको थियो। एफपीका अनुसार सन् २०२२ मा १९ जना, सन् २०२३ मा दुई जना र सन् २०२४ मा ११७ जनालाई लागूऔषधसम्बन्धी अपराधमा मृत्युदण्ड दिइएको थियो।

अधिकारकर्मीहरूका अनुसार साउदी अरबले मृत्युदण्डलाई निरन्तर अङ्गीकार गर्नुले राजकुमार मोहम्मद बिन सलमानको 'भिजन २०३०' सुधार एजेन्डाको केन्द्रमा रहेको अधिक खुला, सहिष्णु समाजको छविलाई कमजोर बनाएको छ।

साउदी अधिकारीहरूले सार्वजनिक सुव्यवस्था कायम राख्न मृत्युदण्ड आवश्यक रहेको र अपिलका सबै माध्यम समाप्त भएपछि मात्र यसको प्रयोग गरिने बताएका छन।

# यातायात व्यवस्था मन्त्रालयद्वारा ३ अर्ब ४७ करोड राजस्व संकलन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १८ साउन ।** मधेस प्रदेश, श्रम तथा यातायात व्यवस्था मन्त्रालय जनकपुरधामले आर्थिक वर्ष २०८१/८२ मा रु तीन अर्ब ४७ करोड ९३ लाख ३३ हजार ८५९ कुल राजस्व सङ्कलन गरेको छ ।

सवारीसाधनको नवीकरणलगायत विभिन्न शीर्षकमा मन्त्रालयअन्तर्गतको आठ जिल्लाको कार्यालयबाट उक्त राजस्व सङ्कलन भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार २०८१ को साउनदेखि २०८२ को असारसम्ममा सो कार्यालयले चालक अनुमतिपत्र वितरण, नवीकरण, नयाँ सवारीसाधनको दर्ता, सवारीसाधन नवीकरण तथा रुटपरमिट, नामसारी र पटकेकरलगायत विभिन्न शीर्षकबाट सो राजस्व सङ्कलन भएको जनाइएको छ ।

सो मन्त्रालयअन्तर्गत यातायात व्यवस्था कार्यालय राजविराजबाट रु ११ करोड ७५ लाख ९२ हजार ६६४, यातायात व्यवस्था कार्यालय लहानबाट रु ४९ करोड ७५ लाख ९७ हजार ७७७, यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट रु ६६ करोड ४३ लाख ९८०, यातायात व्यवस्था कार्यालय बर्दिबास कार्यालयबाट रु २६ करोड ५१ लाख ५७ हजार राजस्व सङ्कलन भएको विवरणमा उल्लेख गरिएको छ ।

त्यस्तै यातायात व्यवस्थाका कार्यालय मलङ्गवाबाट रु ११ करोड ९४ लाख ४६ हजार १८६, यातायात व्यवस्था कार्यालय गौरबाट रु आठ करोड ९१ लाख ७० हजार ३६४, यातायात व्यवस्थाका कार्यालय कलैयाबाट रु नौ करोड ९३ लाख ८४ हजार ४१६ तथा यातायात व्यवस्था कार्यालय वीरगञ्जबाट रु एक अर्ब ६२ करोड ४० लाख ४१ हजार ३८४ राजस्व सङ्कलन भएको छ ।

श्रम तथा यातायात व्यवस्थामन्त्री कौशलकिशोर रायले यातायतको विभिन्न शीर्षकमा लाग्ने करको जरिवानामा शतप्रतिशत यस वर्ष छुटको व्यवस्था भएको तथा कार्यालयहरुबाट विद्युत् समस्या हटाउनका लागि सोलार सिस्टम जडान गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनेतर्फ जोडदिएको बताए ।

गत आवमा मधेस प्रदेशको श्रम तथा यातायात मन्त्रालयले सवारीसाधनको करको जरिवानामा लाग्ने शुल्कलाई शतप्रतिशत छुट दिने व्यवस्था गरेको तथा सो व्यवस्था आउँदो मङ्सिर १७ गतेसम्म कायम रहने बताउँदै मधेस प्रदेश सरकारको सबैभन्दा बढी आम्दानीको स्रोत आफ्नो मन्त्रालय रहेको मन्त्री रायको भनाइ थियो ।

मधेस प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ मा छुटसम्बन्धी व्यवस्था गत मङ्सिर १९ गते मधेस प्रदेशको राजपत्रमा समेत प्रकाशित सो कार्यालयले जनाएको छ । सो ऐनअन्तर्गत सवारीसाधनको करमा लाग्ने जरिवानामा शतप्रतिशत छुट दिने व्यवस्था भएको हो । उक्त ऐनले सवारीसाधनको एकमुष्ट १५ वर्षका लागि नवीकरण गराउने व्यवस्थासमेत भएको तथा त्यसका लागि सवारीसाधनको मूल्यको पाँच प्रतिशत शुल्क लाग्ने व्यवस्था रहेको छ ।

कार्यालय सञ्चालन, व्यवस्थापन तथा ऐनमा देखिएको समस्या तथा समाधानका विषयमा सो अवधिमा छलफलसमेत भएको मन्त्रीले जानकारी दिनुभयो । उक्त अवधिमा मन्त्रालयको चालु खर्च ४८ प्रतिशत तथा पुँजीगत खर्च ३४.४१ प्रतिशत रहेको छ ।

## सशस्त्र प्रहरी :...

अभियान, तथा सीमा क्षेत्रमा हुनसक्ने अपराधहरूमा प्रतिरोधात्मक भूमिका खेलिरहेको छ ।

विपद् व्यवस्थापनदेखि समुदायस्तरको शान्ति स्थापनासम्म सशस्त्र प्रहरी बलको कार्यक्षेत्र सीमामा मात्रै सीमित छैन भन्ने उदाहरण सुनसरी बनिरहेको छ ।

सुनसरीको कोशी ब्यारेजस्थित मुख्य भन्सार कार्यालयका प्रमुख राधेश्याम दाहालले सशस्त्र प्रहरी बललाई सीमावर्ती सुरक्षाको विश्वसनीय रक्षकका रूपमा मूल्याङ्कन गर्नुभएको छ ।

उहाँका अनुसार, सशस्त्र प्रहरीको नियमित गस्ती, चेकिङ र सतर्कताका कारण तस्करी नियन्त्रणमा उल्लेखनीय सुधार आएको उहाँले बताउनुभयो ।

"सीमामा तैनाथ सशस्त्र प्रहरीको निगरानी र समन्वयकारी भूमिकाले साना ठूला तस्करी गतिविधिमा गिरावट आएको छ", उहाँले भन्नुभयो । भारतसँग सीमा जोडिएको यस क्षेत्रमा मुख्यतः खाद्यान्न, लत्ताकपडा, मोबाइल, मदिरा, चिनी, सौन्दर्य सामग्री र वस्तुहरूको तस्करी हुने गरेकामा सशस्त्र प्रहरीको तत्परताले ती क्रियाकलापमा कडाइ गरिँदै आएको छ ।

भन्सार र सशस्त्र प्रहरीबीच सूचनाको आदानप्रदान, संयुक्त अपरेसन, जोखिमयुक्त क्षेत्रको पहिचान, अस्थायी चेकपोइन्ट स्थापना तथा रात्रिकालीन गस्तीलाई प्राथमिकता दिइएको प्रमुख दाहालले जानकारी दिनुभयो ।

उहाँका अनुसार सशस्त्र प्रहरीको उपस्थिति र गस्तीको प्रभावकारिताले सीमावर्ती सुरक्षामा स्थायित्व कायम राख्न सहयोग पुगेको छ । तर, सीमा सुरक्षामा अझ सुदृढता ल्याउन प्रविधिमैत्री पूर्वाधार, पर्याप्त जनशक्ति र स्थानीय तहको सहकार्य आवश्यक रहेको उहाँको भनाइ छ । सीमाको खुला भौगोलिक बनावट, सीमित जनशक्ति र प्राविधिक उपकरणको अभाव अझै चुनौती रहेको उहाँको भनाइ छ ।

आर्थिक वर्ष २०८१/८२ मा सुनसरीको कोशी ब्यारेज भन्सार कार्यालयले रु४६ करोड २० लाख १२ हजार लक्ष्यको (९६ प्रतिशत) राजस्व सङ्कलन गरेको जानकारी दिँदै प्रमुख दाहालले सशस्त्र प्रहरीको योगदान, प्रविधिको प्रयोग र कर्मचारीको सक्रियतालाई सफलताका मुख्य आधारका रूपमा उल्लेख गर्नुभयो ।

"सशस्त्र प्रहरी बल सच्चा सिमानाका रक्षक हुन्", प्रमुख दाहालले भन्नुभयो, "उहाँहरूको सतर्कता, समर्पण र समन्वयात्मक भूमिकाले राष्ट्रको सुरक्षा र आर्थिक व्यवस्थामा उल्लेखनीय योगदान पुऱ्याएको छ ।"

सीमावर्ती क्षेत्रमा बढ्दो आपराधिक क्रियाकलाप र अवैध गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरी बल, नेपाल उच्च सतर्कता र सक्रियताका साथ परिचालित भएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं १ बराह वाहिनी मुख्यालय, पकली, सुनसरीका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक तथा कोशी प्रदेशका सशस्त्र प्रहरी प्रवक्ता सुधिरजङ्ग थापाले सशस्त्र प्रहरी बलले सीमा सुरक्षालाई दीर्घकालीन प्राथमिकताका रूपमा लिएर रणनीतिक ढङ्गले काम गरिरहेका बताउनुभयो ।

प्रवक्ता थापाका अनुसार भारतसँग सीमा जोडिएका सबै नाकाहरूमा लागुऔषध ओसारपसार, भन्सार छली, चोरी, तस्करी, मानव ओसारपसारलगायत सीमापार आपराधिक गतिविधिहरू बढ्दै गएकाले त्यसको रोकथामका लागि सशस्त्र प्रहरी बल पूर्ण सतर्कतामा रहेको छ । त्यस्ता अपराध नियन्त्रणका लागि बलले आवश्यक रणनीति तयार पार्दै कार्यान्वयनमा लैजाने तयारी गरेको उहाँले बताउनुभएको छ ।

सीमा सुरक्षालाई सशक्त बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयलाई अझ सुदृढ बनाइने प्रतिबद्धता सशस्त्र प्रहरी बलले जनाएको छ ।

'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रमअन्तर्गत सीमावर्ती बस्तीका नागरिकहरूसँग अन्तरक्रिया, संवाद र सहयोग विस्तार गरी समुदायमैत्री सुरक्षा प्रणाली निर्माण गर्ने प्रयास भइरहेको प्रवक्ता थापाले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी बलले स्थानीय समुदायसँगको सहकार्यलाई अझ मजबुत बनाउँदै आवश्यक स्रोत साधन, जनशक्ति र प्रविधिको प्रयोगमार्फत सीमा सुरक्षा र अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउने रणनीति लिएको छ । हाल सीमावर्ती क्षेत्रमा देखिएको आपराधिक क्रियाकलापले राष्ट्रिय सुरक्षामै चुनौती सिर्जना गरिरहेका बेला सशस्त्र प्रहरीको सक्रियता र तत्परताले राष्ट्रकै दीर्घकालीन सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

सशस्त्र प्रहरीले आफ्नो जिम्मेवारी क्षेत्रभित्र रहेका स्थानीय प्रशासन, अन्य सुरक्षा निकायहरू, आम जनसमुदाय, सरकारी तथा गैरसरकारी सङ्घसंस्था र समकक्षी काउन्टरपार्टहरूसँग सुमधुर सम्बन्ध तथा समन्वय कायम गरी समग्र नागरिकमा शान्तिसुरक्षाको प्रत्याभूति दिलाउन सशस्त्र प्रहरी बल, नेपाल निरन्तर सक्रिय रहँदै आएको छ ।

सीमा सुरक्षाका साथै सीमास्तम्भको संरक्षण, सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलापको नियन्त्रण, अवैध तस्करी रोकथाम तथा विपद् र प्रकोपजस्ता घटनामा सफल उद्धार कार्य सञ्चालन गर्दै सङ्गठनले सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आइरहेको छ ।

# त्रियुगा गाईघाट र मोदी बेनी जलमापन केन्द्रमा जलसतह बढ्दो : सावधानी अपनाउन आग्रह

काठमाडौँ, १८ साउन (रासस) । उदयपुरको त्रियुगा गाईघाट जलमापन केन्द्रमा हालको जलसतहले सतर्कता तह पार गरेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार गाईघाट जलमापन केन्द्रमा हालको जलसतहले सतर्कता तह पार गरेको र बढ्दो क्रममा रहेकाले नदीको तटीय क्षेत्र र डुबान भइरहने होचा भूभागमा रहनाले सावधानी अपनाउनसमेत विभागले आग्रह गरेको छ ।

यसैगरी, पर्वत जिल्लास्थित कालीगण्डकी नदी, मोदी बेनी जलमापन केन्द्रमा जलसतह तह सतर्कता तह आसपास रहेको तथा बढ्दो क्रममा रहेकाले नदी तटीय क्षेत्र र कमजोर तथा भिरालो जमिनमा पहिरोको जोखिम रहेकाले सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको विभागले जनाएको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको केही उत्तरतर्फ अवस्थित छ । विभागका अनुसार आइतबार दिउँसो देशभर साधारणतया बदली रहनेछ । सबै प्रदेशका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ । कोशीलगायत लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका एकदुई स्थानमा भारी वर्षाको पनि सम्भावना छ ।

आइतबार राति देशभर साधारणतया बदली रहनेछ । कोशी, मधेस, बागमती र गण्डकी प्रदेशलगायत अन्य प्रदेशका तराई भूभागका धेरै स्थान तथा बाँकी पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ । कोशी, मधेसलगायत लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

# किसानलाई स्यालो ट्युबवेल वितरण गर्दै मधेस प्रदेश सरकार

धनुषा, १८ साउन (रासस) । मधेस प्रदेश सरकारले सुक्खाग्रस्त तथा खडेरीको मारमा परेका किसानका लागि रु १८ करोड लागतमा स्यालो ट्युबवेल वितरण प्रक्रिया सुरु गरेको छ । मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुख्खा क्षेत्र सहयोग कार्यक्रमअन्तर्गत प्रदेशका आठ जिल्लाका किसानलाई स्यालो ट्युबवेल वितरण योजना ल्याएको हो ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा पानी अभावमा खडेरीबाट पीडित किसानलाई सम्बन्धित कृषि ज्ञान केन्द्रको कार्यालयबाट स्यालो ट्युबवेल वितरण सुरु गरिएको मन्त्रालयका प्रवक्ता सरोज चौधरीले जानकारी दिनुभयो । जनताको आवश्यकता तथा प्राथमिकताको आधारमा एक हजार २०० स्यालो ट्युबवेल वितरण गरिने उहाँले बताउनुभयो ।

एउटा स्यालो ट्युबवेल जडान गर्न रु एक लाखदेखि रु तीन लाखसम्म खर्च हुने प्रवक्ता चौधरीले बताउनुभयो । सोलार जोड्दा थप खर्च हुनेछ । ट्युबवेल जडान गर्दा पानीको सतह (गहिराइ) कति छ त्यसको आधारमा खर्च लाग्ने उहाँको भनाइ छ ।

सूचना जारी भएसँगै अहिले कृषि ज्ञान केन्द्र धनुषामा स्यालो ट्युबवेलका लागि आवेदन दिने किसानको घुइँचो लागेको छ । केन्द्रका कृषि प्राविधिक गणेश अधिकारीले शुक्रबारसम्म एक हजार १०० भन्दा बढी आवेदन प्राप्त भएको जानकारी दिनुभयो । उहाँका अनुसार निवदेन बुझाउने समय आइतबारसम्म रहेकाले यो सङ्ख्या अझै बढ्छ ।

प्राविधिक अधिकारीले कार्यालयले उपलब्ध गराउने स्यालो ट्युबवेलभन्दा बढी सङ्ख्यामा निवेदन प्राप्त भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कार्यालसँग दुई सयको हाराहारीमा स्यालो ट्युबवेल जडान गर्ने बजेट छ । तर निवदेन त्यसको दोब्बर प्राप्त भएको छ ।"

उहाँले प्राप्त निवेदनको छानबिन गरी मापदण्ड पुगेका किसानको खेतबारीमा स्यालो ट्युबवेल जडान प्रक्रिया अगाडि बढाउने बताउँदै यस वर्ष पर्याप्त वर्षा नभएकाले सिँचाइको विकल्प स्यालो ट्युबवेलतर्फ आकर्षण बढेको बताउनुभयो ।

शुक्रबार आवेदन दिन आउनुभएका क्षीरेश्वरनाथ नगरपालिका-९ दिगम्बरपुरका किसान रामबाबु महतोले लामो समयदेखि वर्षा नभएकाले धान रोपाइँ रोकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस वर्ष समयमा पानी परेन, खेत सबै सुक्खा छ ।"

कृषि ज्ञान केन्द्र धनुषाले साउन १२ गते सूचना प्रकाशित गरेर सात दिनभित्र आवश्यक कागजातसहित निवेदन पेस गर्न आह्वान गरेको थियो । आवेदन पेस गर्नका लागि किसानसँग रु १० को हुलाक टिकट टाँस भएको आवेदन फारम, नागरिकताको प्रतिलिपि, स्थानीय तहको सिफारिस, जग्गाधनी पुर्जाको प्रतिलिपि र जडान गर्ने कित्ताको प्रमाणित नक्सालगायत कागजात माग गरेको छ । एउटा स्यालो ट्युबवेल लिनका लागि दुई बिघा खेतीयुक्त जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा पेस गर्नुपर्ने छ ।

# निर्मला हत्या प्रकरण नयाँ शिराबाट अनुसन्धान गर्न सिआइबीलाई गृहमन्त्री लेखकको निर्देशन

काठमाडौँ, १८ साउन (रासस) । गृहमन्त्री रमेश लेखकले कञ्चनपुरको भीमदत्त नगरपालिकाकी निर्मला पन्त बलात्कारपछि हत्या भएको प्रकरण नयाँ शिराबाट गम्भीर अनुसन्धान थाल्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई निर्देशन दिनुभएको छ ।

आइतबार सिआइबीको कार्यालय निरीक्षणको क्रममा मन्त्री लेखकले सूक्ष्म रुपमा निर्मला पन्त प्रकरण अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिनुभएको हो ।

"निर्मला पन्तको हत्यालगायत ब्युरोले अनुसन्धान गरिरहेका सबै जटिल घटनाको अनुसन्धानमा तीव्रता दिन आग्रह गर्छु", गृहमन्त्री लेखकले भन्नुभयो, "नेपाल प्रहरीभित्र पनि सिआइबीप्रति आमजनताको भरोसा बढेको छ, यसलाई अटल राखेर काम गर्नुपर्छ ।"

सीमित स्रोतसाधनका बीच प्रहरीमा सिआइबीले कार्यसम्पादनमा सफलता हासिल गर्दै गएकोप्रति खुसी व्यक्त गर्दै मन्त्री लेखकले सिआइबीलाई साधनस्रोत सम्पन्न बनाउन मन्त्रालय गम्भीर रहेको उल्लेख गर्नुभयो । मुलुकमा पछिल्लो समय वित्तीय अपराधका घटना बढेकाले आफूले वित्तीय अपराध नियन्त्रणका लागि वित्तीय अपराध अनुसन्धान महाशाखा गठन गरेको जानकारी दिनुभयो ।

"प्रहरीप्रतिको भरोसा बढेर गएकै कारण देशभरबाट प्रहरी चौकी माग हुँदै आएको छ", उहाँले भन्नुभयो, "प्रहरीलाई सुविधा सम्पन्न बनाउन विगतकोभन्दा चालु आर्थिक वर्षमा तुलनात्मक रुपमा बजेट बढी विनियोजन गरिएको छ ।"

प्रहरीभित्र सिआइबीको महत्वपूर्ण जिम्मेवारी रहेको भन्दै उहाँले जिम्मेवारी पूरा गर्न प्रविधि, जनशक्तिलगायतका विकास गरिनेमा जोडदिनुभयो ।

त्यस अवसरमा सिआइबीका वरिष्ठ प्रहरी उपरीक्षक होविन्द्र बोगटीले सिआइबीले गरिरहेको काम, कारबाही, पाइरहेको सफलता र कार्यसम्पादनमा रहेका चुनौतीलगायत विषयमा प्रस्तुति राख्नुभएको थियो ।

वरिष्ठ उपरीक्षक बोगटीले सिआइबीले निर्मला पन्त हत्या प्रकरणका साथै अन्य घटनाका सम्बन्धमा पनि अनुसन्धान जारी रहेको जानकारी गराउनुभएको थियो । कार्यक्रममा प्रहरी महानिरीक्षक दीपक थापा, सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रकुवेर खापुङलगायत सिआइबीका कार्यरत प्रहरी अधिकारीको उपस्थिति थियो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np